झिमरुक गाउँपालिका

# झिमरुक राजपत्र

खण्ड:७ संख्या: १० मिति: २०८१/०९/२४

भाग २


## अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुको लागि थप सामाजिक सुरक्षा अनुदान कार्यविधि, २०८१

**प्रस्तावना:**

झिमरुक गाउँपालिका क्षेत्र भित्र व्यावसायिक रुपमा कृषि व्यावसाय गरी रहेका कृषकहरु लाइ नेपाल सरकारले दिदै अएको सामाजिक सुरक्षा कोषमा अनुदान रकम मा थप अनुदान दिई भविष्यमा यस कोषबाट कृषकहरुले निवृत्तिभरण सुविधा पाउनका लागि ,स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को (ञ) को अधिकार प्रयोग गरि अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिकाहरुको लागि थप सामाजिक सुरक्षा अनुदान कार्यक्रम संचालन गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी झिमरुक गाउँपालिकाले यो कार्यविधि मिति २०८१/०९/१८ गतेको बैठकबाट स्वीकृत गरि जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१)यस कार्यविधिको नाम “अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुको लागि थप सामाजिक सुरक्षा अनुदान कार्यविधि, २०८१” रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

<u>२. परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) “अध्यक्ष” भन्नाले संचालक समितिको अध्यक्षलाई बुझ्नुपर्छ।

ख) “कार्यपालिका” भन्नाले झिमरुक गाउँ कार्यपालिका बुझ्नुपर्छ।

ग) “कार्यविधि” भन्नाले अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुको लागि थप सामाजिक सुरक्षा अनुदान बुझ्नुपर्छ।

घ) “ऐन ” भन्नाले योगदानमा अधारित सामाजिक सुरक्षा कोष २०७४ लाई बुझ्नुपर्छ।

ङ) “नियमावली ” भन्नाले योगदानमा अधारित सामाजिक सुरक्षा नियमावली २०७५ लाई सम्झनु पर्दछ।

च) “सदस्य” भन्नाले संचालक समितिको सदस्य सम्झनुपर्दछ सो शब्दले सदस्य सचिवलाई समेत जनाउँछ।

छ) “न्युनतम अधारभुत पारिश्रमिक ” भन्नाले नेपाल सरकारले बेला बेलामा औद्योगिक क्षेत्रका श्रमिकहरुको लागि तोकेको न्युनतम आधारभुत पारिश्रमिक सम्झनु पर्दछ।

३. <u>उद्धेश्यः</u> यस कार्यविधिका उद्धेश्य देहाय बमोजिम रहेको छन्।

क कृषि पेशालाई मर्यादित र दिगो पेशाको रुपमा विकास गर्दै युवालाई कृषिमा आवद्द हुन उत्प्रेरित गर्ने।

ख .किसानहरुको आर्थिक तथा सामाजिक रुपमा संरक्षण गर्न।

४. कृषकहरुको छनोट

यस कार्यक्रम सञ्चालन गर्नका लागि झिमरुक गाउँपालिकामा व्यावसायिक रुपमा खेति गर्दै आउनु भएका कृषकहरु छनोट गरिनेछ ।

<u>न्युनतम मापदण्ड</u>

क. आफ्नै वा जमिन भाडामा लिएर न्यूनतम ३ रोपनी जमिनमा व्यवसायिक तरकारी खेती वा फूल खेती गरेको ।

ख. आफ्नो वा जमिन भाडामा लिएर न्यूनतम १५. रोपनीमा खाद्धान्न तथा तरकारीको वीउ उत्पादन गरेको वा फलफूल नर्सरी स्थापना गरेको ।

ग. मेवा/ केरा /भुइकटहर लगाएतका साना फलफूलको हकमा ४ रोपनीमा बगैचा स्थापना गरेको वा सुन्तलाजात लगायत अन्य फलफूलको हकमा ८ रोपनीमा बगैचाका रुपमा खेती गरेको ।

घ. कम्तिमा ४० भेडा वा बाख्रा व्यवसायिक रुपमा पालेको ।

ङ. कम्तिमा ५ वटा दुध दुहुने उन्नत जातका गाई वा भैंसी पालेको ।

च कम्तिमा ५०० वटा लेयर्स तथा २००० ब्रोईलर कुखुरा वा २५० वटा लोकल कुखुरा नियमित रुपमा पालेको ।

छ . कम्तिमा १० वटा माउ बङगुर पालेको।

ज च्याउ खेतिका लागि कम्तिमा २ वटा डुम हाउस , किवी खेतिको लागि कम्तिमा २ रोपनी क्षेत्रफलमा लगाएको

झ. मौरीपालनको लागि कम्तिमा ३० घारमा मौरीपालन गरेको हुनुपर्ने ।

ञ. माछा पालनको लागि कम्तिमा २५ रोपनीमा. पालन गरेको हुनु पर्नेछ

ट. हाँसको लागि कम्तिमा ५०० ओटा हाँस पालेको हुनु पर्नेछ

ठ. अदुवाबेसार खेति /को लागि कम्तिमा २ रोपनी जग्गामा खेति गरेको हुनु पर्नेछ

ड. कृषि व्यवसायलाई मुख्य पेशाका रुपमा अपनाई निरन्तर ३ वर्ष देखि कृषि पेशामा संलग्न भएको हुनुपर्ने र अव देखि निरन्तर रुपमा कृषि पेशामा संलग्न भइरहने किसान ।

ढ. नेपालको प्रचलित कानुन बमोजिम कुनै पनि फौजदारी अभियोग नलागेको लगनशिल ईमान्दार र मेहनती किसान ।

ण. झिमरुक गाउँपालिकामा स्थायी बसोबास गरेको नेपाली नागरिक ।

त. प्रथम चरणमा फर्म दर्ता गरि कृषि व्यवसाय संचालन गर्दै आएका किसानलाई समाबेश गरिने छ ।

थ .सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध हुने सम्बन्धित कृषक कुनै सरकारी सेवामा नरहेको हुनु पर्ने ।

द.आर्थिक रुपले कमजोर कृषकहरुलाई प्राथमिकता दिईने छ ।

ध. यस कार्यक्रममा समाबेश हुनका लागि कृषकहरुले तपसिल बमोजिमको कागजातहरु पेश गर्नु पर्नेछ।

१.कृषकको निवेदन

२.नेपाली नागरिकताको प्रतिलिपि

३. कृषकले तयार बनाएको बार्षिक कार्ययोजना

४. झिमरुक गाउँपालिकामा दर्ता तथा नविकरण भएको

५. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र

६. समुहको सदस्यको हकमा निजले ब्याबसायिक रुपमा कृषि ब्याबसाय गदै आइरहेको र सामाजिक सुरक्षा कार्यक्रममा सहभागी समुहको निर्णयको प्रतिलिपि

७. पासपोर्ट साइजको फोटो २ प्रति

८. बैक खाता नम्बर

९. स्थायी प्यान नम्बर

**५ किसान र झिमरुक गाउँपालिकाको अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुको लागि थप सामाजिक सुरक्षा अनुदान**

क यस.कार्यक्रममा समावेश हुने किसानलाई "**अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९**" परिच्छेद ३ को दफा ५ बमोजिम श्रमिकको न्यूनतम् आधारभूत पारिश्रमिकबाट ११ प्रतिशत हुन आउने रकम किसानले र झिमरुक गाउँपालिकाबाट आधारभुत पारिश्रमिकको ९.३७ प्रतिशत हुन आउने रकम थप गरि कुल २०.३७ हुन आउने रकम मासिक रुपमा सामाजिक सुरक्षा कोषमा जम्मा गरिनेछ ।

ख. उक्त रकम गाउँपालिकाले छनौट गरेका किसानहरुलाई हाललाई २ वर्षसम्म उपलब्ध गराउने छ । उक्त अवधि भित्र किसान स्वेच्छाले कृषि पेशा त्यागे गाउँपालिकाले रकम उपलब्ध गराउन बाध्य हुने छैन ।

ग उपदफा (ख) मा जुनसुकै कुरा लेखिएतापनि यदि कुनै किसान शारिरीक रुपमा अशक्त भई कृषि पेशा गर्न नसकेको अवस्थामा गाउँपालिकाले तोकिएको अवधिसम्म ९.३७ प्रतिशत रकम कोषमा जम्मा गरिदिने छ ।

## परिच्छेद३ -

## ६ .कार्यान्वयन समिति:

गाउँपालिका अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुको लागि थप सामाजिक सुरक्षा अनुदान उपलव्ध गराउनका लागि व्यवस्थापन तथा संचालन समिति गठन गर्नेछ:

| | |
|---|---|
| क) कार्यपालिकाको अध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्य: | अध्यक्ष |
| ख) गाउँपालिकाको उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत: | सदस्य |
| घ) आर्थिक विकास समितिका संयोजक: | सदस्य |
| ङ राजश्व तथा आर्थिक प्रशासन शाखा प्रमुख प्रतिनिधि | सदस्य |
| च) पशु शाखा प्रमुख प्रतिनिधि | सदस्य |
| छ) ) कृषि विकास शाखा प्रमुख: | सदस्य सचिव |

*सम्बन्धित वडा कार्यालयको वडाध्यक्षलाई समेत आमन्त्रित गर्न सकिनेछ।

## ७ .कार्यान्वयन समितिको काम कर्तव्य र अधिकारहरु:

क) अनौपचारिक क्षेत्रमा रहेका श्रमिक तथा कृषकहरुको लागि निति नियम तथा कार्यविधीको निर्माण गर्ने

ख) यस कार्यक्रमलाई प्रभाबकारी बनाउनका लागि पहल गर्ने ।

ग) यस कार्यक्रमका लागि लाभग्राही कृषकको छनोट गरी प्रमाणीकरणको लागि कार्यपालिकामा पेश गर्ने ।

घ) कृषकले पेश गरेको निबेदनका आधारमा स्थलगत अनुगमन गरि फिल्ड भेरिफिकेसनको काम गर्ने ।

**८ . कार्यक्रम संचालन प्रक्रिया:** _अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुको लागि थप सामाजिक सुरक्षा अनुदान कार्यक्रम संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क . सूचना प्रवाहः गाउँपालीकाले यस कार्यक्रममा सहभागी हुनका लागि हरेक आर्थिक वर्षमा अनुसूची -१ बमोजिमको सूचना प्रवाह गर्नुपर्नेछ ।

**ख निवेदन संकलनः** यस कार्यक्रमा सहभागि हुन चाहने ईच्छुक किसानले अनुसूची २ बमोजिम तोकेको ढाँचामा आवश्यक सम्पुर्ण कागजात सहित अनुसूचि ४ बमोजिम -वडा स्तरीय जनप्रतिनिधि तथा वडा कृषि प्राविधिकको रोहवरमा कम्तिमा ५ जना छिमेकीहरुको सर्जमिन मुचुल्का सहित गाउँपालिकाको कृषि शाखामा आवेदन पेश गर्नुपर्नेछ ।

**ग. छनौट प्रक्रिया:** किसान छनौट प्रक्रिया अघि बढाउदा रित पुर्वक आवश्यक कागजात सहित पेश हुन आएका आवेदनहरु मध्ये दफा ४ बमोजिमको न्यूनतम मापदण्ड पुरा गरेको छ वा छैन भन्ने विषयमा कार्यान्वयन समितिले स्थलगत फिल्ड अनुगमन पश्चात न्युनतम मापदण्ड पुगेका किसानहरुको विवरण तयार गरि स्वीकृति गर्नुपर्नेछ ।

## परिच्छेद ४-

## विविध

**९ .अनुगमन तथा मूल्याङ्कनको व्यवस्था:** अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुको लागि थप सामाजिक सुरक्षा अनुदान कार्यक्रम कार्यान्वयन समिती तथा कृषि तथा पशु विकास शाखाबाट सामाजिक सुरक्षा अनुदान प्राप्त गर्ने किसानको नियमित रुपमा अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।

**१० कार्वाहीको व्यवस्था:** यदि कुनै पनि किसानले आफ्नो विवरण ढाँटछल गरि तोकेको मापदण्ड विपरीत सामाजिक सुरक्षा अनुदान प्राप्त गरेको रहेछ भने त्यस्तो किसानलाई प्रचलित कानुन बमोजिम सामाजिक सुरक्षा अनुदान बापत प्राप्त गरेको रकम असुलउपर गरिनेछ ।

**११ .कार्यविधि संशोधन तथा परिमार्जन:** झिमरुक गाउँपालिका गाउँकार्यपालिकाले अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुको लागि थप सामाजिक सुरक्षा अनुदान कार्यक्रम कार्यान्वयन समितीको सिफारिसमा यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

अनुसूची १-

झिमरुक गाउँपालिका

सूचना प्रकाशन

झिमरुक गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

भ्यागुते प्यूठान

**अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुको लागि थप सामाजिक सुरक्षा अनुदान कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशन मिति ...........

उपरोक्त सम्वन्धमा झिमरुक गाउँपालिका कृषि शाखाको आ व ........ को बार्षिक स्वीकृत अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुको लागि थप सामाजिक सुरक्षा अनुदान अनुसार योग्यता पुगेका किसानहरुलाई आफु सामाजिक सुरक्षा अनुदान प्राप्त गर्न योग्य छु भन्ने लागेमा रित पुर्वक अनुसूचि २ बमोजिमको फारम भरी तपशिल अनुसारका आवश्यक कागजात सहित निबेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीकालागी यो सूचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरु

१. नागरिकताको प्रमाणपत्र २. अनुसूचि -२ अनुसारको निवेदन ३. अनुसूची -३ बमोजिम फारम ३. सम्बन्धित वडाको सिफारिस ४. अनुसूचि-४ अनुसारको सर्जिमिन मुचुल्का ५. शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपी ६. कृषि सम्बन्धि कुनै तालिम लिएको भए सो प्रमाणपत्रको प्रतिलिपी ७ . खेति गरिएको जमिनको लालपुर्जाको प्रतिलिपि / भाडामा भए जग्गा धनिसंग गरिएको सम्झौताको प्रतिलिपि...........................

प्रमुख प्रशासकिय अधिकृत

अनुसूची -२ निवेदनको ढाँचा झिमरुक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय मच्छि प्यूठान श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू झिमरुक गाउँपालिका प्यूठान विषय : निबेदन पेश गरेको सम्बन्धमा प्रस्तुत विषयमा यस झिमरुक गाउँपालिकाको मिति ...................... को सूचना बमोजिम म झिमरुक गाउँपालिका वडा नं ............ को स्थाई निबासी श्री ........................................................... को सूचना बमोजिमका अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुको लागि थप सामाजिक सुरक्षा अनुदान कार्यक्रमको लागि आवश्यक न्युनतम योग्यता पुग्ने भएको हुँदा उक्त कार्यक्रमा सहभागी गराउनु हुन अनुरोध छ । निवेदक नाम ठेगाना सम्पर्क नं

**अनुसूची ३**

अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुको लागि थप सामाजिक सुरक्षा अनुदान कार्यक्रमका लागि प्रश्नावली

**व्यक्तिगत विवरणहरू:**

१ नामः _______________

२ उमेर :_______________

३ ठेगाना :(स्थायी)_______________

४ सम्पर्क नम्बर :_______________

**कृषि व्यवसायमा संलग्नता**

क )के तपाईले व्यवसायिक तरकारी वा फूल खेती गर्नुभएको छ?

- हो
- होइन
- यदि हो भने, तपाई कति रोपनी जमिनमा खेती गर्दै हुनुहुन्छ?
    - ५ रोपनी भन्दा कम

- ५ रोपनी वा बढी

ख ) के तपाईंले खाद्यान्न तथा तरकारीको बीउ उत्पादन गर्नुहुन्छ वा फलफूल नर्सरी स्थापना गर्नुभएको छ?

- हो
- होइन
- यदि हो भने, तपाईं कति रोपनी जमिनमा बीउ उत्पादन वा नर्सरी स्थापना गर्नुभएको छ?
  - ३ रोपनी भन्दा कम
  - ३ रोपनी वा बढी

ग के तपाईंले मेवा (, केरा, भुइकटहर, वा साना फलफूलको बगैचा स्थापना गर्नुभएको छ?

- हो
- होइन
- यदि हो भने, तपाईं कति रोपनीमा बगैचा स्थापना गर्नुभएको छ?
  - ५ रोपनी भन्दा कम
  - ५ रोपनी वा बढी

घ) के तपाईंले अन्य फलफूलको बगैचा १० रोपनीमा स्थापना गर्नुभएको छ?

- हो
- होइन

ङ) के तपाईंले व्यवसायिक रूपमा भेडा वा बाख्रा पालेको छ?

- हो
- होइन
- यदि हो भने, तपाईं कति वटा भेडा वा बाख्रा पालेको छ?
  - ५० भन्दा कम
  - ५० वा बढी

च) के तपाईंसँग उन्नत जातका दुध दिने गाई वा भैंसी छन्?

- हो
- होइन
- यदि हो भने, तपाईं कति वटा गाई वा भैंसी पालेको छ?
  - ५ भन्दा कम
  - ५ वा बढी

छ के तपाईंले लेयर्स (, ब्रोइलर कुखुरा वा लोकल कुखुरा पालेको छ?

- हो
- होइन
- यदि हो भने, तपाईं कति वटा कुखुरा पालेको छ?
  - ५०० लेयर्स वा ब्रोइलर
  - २५० लोकल कुखुरा

ज) के तपाईले माउ बंगुर पालेको छ?

- हो
- होइन
- यदि हो भने, कति वटा माउ बंगुर पालेको छ?
    - १० भन्दा कम
    - १० वा बढी

**कृषि पेशामा निरन्तरताः**

क) के तपाईंले आफ्नो मुख्य पेशाका रूपमा कृषि व्यवसायलाई अपनाउनुभएको छ?

- हो
- होइन

ख) कृषि पेशामा तपाईं कति वर्षदेखि संलग्न हुनुहुन्छ?

- १ वर्ष भन्दा कम
- १वर्ष ५-
- ५ वर्ष भन्दा बढी

**कानुनी स्थिति र इमान्दारिताः**

क) के तपाईंमाथि नेपालको कुनै फौजदारी अभियोग लागेको छ?

- हो
- होइन

ख) के तपाईं ईमान्दार र मेहनती कृषक हुनुहुन्छ भन्नेमा तपाईंलाई विश्वास छ?

- हो
- होइन

**आर्थिक अवस्था र रोजगारीः**

क) तपाईको परिवारमा अन्य सदस्यहरू सरकारी, निजी, वा कुनै व्यापार व्यवसायमा संलग्न छन्?

- हो
- छैन

ख) तपाईको परिवार आर्थिक रूपमा कमजोर छ भन्नेमा तपाईं सहमत हुनुहुन्छ?

- हो
- होइन

**फर्म दर्ता र स्थानीयताः**

क) के तपाईंले कृषि व्यवसायको लागि फर्म दर्ता गर्नुभएको छ?

- हो
- होइन

ख) के तपाईं प्यूठान नगरपालिकामा स्थायी बसोबास गर्ने नेपाली नागरिक हुनुहुन्छ?

- हो
- होइन

**सामाजिक सुरक्षा कोषमा योगदान सम्बन्धिः . के तपाई "अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९" परिच्छेद -३ को दफा ५ बमोजिम श्रमिकको न्यूनतम आधारभुत पारिश्रमिकबाट ११ प्रतिशत हुन आउने रकम रु.१,१९० मासिक रुपमा जम्मा गर्न सक्नु हुन्छ ?............................ ______________________________ दस्तावेज प्रमाणहरूः १. नागरिकताको प्रमाणपत्र २. अनुसूचि -२ अनुसारको निवेदन ३. सम्बन्धित वडाको सिफारिस ४. अनुसूचि-३ अनुसारको सर्जिमिन मुचुल्का ५. शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपी ६. कृषि सम्बन्धि कुनै तालिम लिएको भए सो प्रमाणपत्रको प्रतिलिपी ७ . खेति गरिएको जमिनको लालपुर्जाको प्रतिलिपि / भाडामा भए जग्गा धनिसंग गरिएको सम्झौताको प्रतिलिपिमाथि** पेश गरेका सम्पूर्ण विवरण साँचो हो, भविष्यमा झुटा ठहरिन गएमा कानुन बमोजिम सजाय भोग्न तयार छु ।

नाम :सम्पर्क नं
:

दस्तखत :

अनुसूची-४

**सर्जीमिन मुचुल्का**

झिमरुक गाउँपालिका वडा नं को............................................. मा स्थायी वसोवास गर्ने श्री ......... नातिनी/नाति, ,............................................ को छोरा को......... छोरी वर्ष/ ......................................................श्री, झिमरुक गाउँपालिका वडा नं मा विगत............५ वर्षदेखि आफ्नो परिवारसहित कृषि पेशामा संलग्न रहेको र यस व्यक्तिले कुनै अन्य किसिमको रोजगारी वा व्यापार व्यवसायमा संलग्नता नराखी सम्पूर्ण जीवनयापन कृषि पेशाबाट गर्दै आएको छ भन्ने बारे हामी तपसिल बमोजिमका साक्षीहरू द्वारा सत्यतापूर्वक प्रमाणित गरिन्छ। (छिमेकि)

**तपशिल**

| क्र.स. | नाम | उमेर | दस्तखत | सम्पर्क |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | | | | |

<u>रोहवर</u> वडा अध्यक्ष.......................................जनप्रतिनिधी श्री /
–

रकम भुक्तानी प्रकिया
कृषकले सामाजिक सुरक्षा कोषमा तिरेको रकमको ५० प्रतिशत बिलको आधारमा कृषकको खातामा पालिकाले जम्मा गर्नु पर्नेछ ।

अन्य सबै कुराहरु सामाजिक सुरक्षा कोष संचालन कार्यविधि २०७५ र सामाजिक सुरक्षा कोष ब्यावस्थापन तथा संचालन नियमावली २०६७ बमोजिम हुनेछ ।

**झिमरुक गाउँकार्यपालिकाको वैठकबाट मिति २०८१/०९/१८ गते पारित** अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुको लागि थप सामाजिक सुरक्षा अनुदान कार्यविधि, २०८१ झिमरुक गाउँकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणित गर्दछौ ।

कृष्ण बहादुर थापा
प्रमुख प्रशसकीय अधिकृत